# कृषि-मौसम सल्लाह बुलेटिन

**[Agro-met Advisory Bulletin (AAB)]**

नेपाल कृषि अनुसन्धान परिषद्, राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्रद्वारा
जल तथा मौसम विज्ञान विभागसँगको सहकार्यमा जारी

वर्ष-११, अंक-२५ | अवधिः १७-२३ असोज, २०८२ | १७ असोज, २०८२

## मौसमी सारांशः

- गत साताको वर्षाको तथ्याङ्क अनुसार देशभर वर्षा मापन गरिएको छ। गण्डकी प्रदेशका मध्य भू-भाग तथा बागमती प्रदेश र लुम्बिनी प्रदेशका केही तराईका भू-भागहरुमा १०० मि.मि भन्दा बढी साप्ताहिक कुल वर्षा मापन गरिएको छ। विशेष गरी लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका अधिकांश भू-भागहरुमा सरदर भन्दा बढी वर्षा मापन गरिएको छ। धेरै केन्द्रहरुमा सरदर भन्दा कम वर्षा मापन गरिएको कारण अधिकांश भू-भागहरुमा साप्तहिक औसत अधिकतम र न्यूनतम तापक्रम सरदर भन्दा बढी मापन भएको छ।
- **उच्च पहाडी तथा हिमाली भू-भागः** कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा/हिमपातको सम्भावना छ। साताको सुरु र मध्यमा थोरै स्थानमा मेघगर्जन/चट्याङ्ग/हावाहुरी सहित भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि संभावना छ। सुदूरपश्चिम र कर्णाली प्रदेशमा साताको सुरु र अन्त्यमा थोरै स्थानहरूमा, मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षा/ हिमपातको सम्भावना छ।
- **पहाडी भू-भागः** कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साताको सुरु र मध्यमा मेघगर्जन/चट्याङ्ग/हावाहुरी सहीत थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना छ। सुदूरपश्चिम र कर्णाली प्रदेशमा साताको सुरु र अन्त्यमा थोरै स्थानहरू मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना तथा साताको सुरुमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना छ।
- **तराई भू-भागः** मधेश प्रदेश लगायत कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशमा साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साताको सुरु र मध्यमा मेघगर्जन/चट्याङ्ग/हावाहुरी सहित थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना छ। सुदूरपश्चिम प्रदेशमा साताको सुरु र अन्त्यमा थोरै स्थानहरू, मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना छ। साताको सुरुमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना छ।
- यस साता देशभरको न्यूनतम तापक्रम र अधिकतम तापक्रम घट्ने सम्भावना छ।
- **औसतसँग तुलना गर्दाः** देशका पूर्वी भू-भागमा औसत भन्दा बढी र पश्चिमी भू-भागमा औसत भन्दा कम वर्षा हुने सम्भावना छ। सबै प्रदेशमा अधिकतम तापक्रम र न्यूनतम तापक्रम औसत आसपास वा औसत भन्दा कम रहने सम्भावना छ।


## कृषि सारांश

- मनसुन सक्रिय रहने समयमा तरकारीबाली, फलफूल बगैंचा तथा पाक्न लागेका धान खेतहरुमा पानी निकासको उचित व्यवस्था गर्नुहोस्। मलखाद राख्ने र विषादी छर्कने कार्य रोक्नुहोस्।
- खास गरेर नदी, खोला छेउमा स्थित संरचनाहरु (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्न सक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरु सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस्।
- साताको शुरूमा मनसुन सक्रिय रहने देखिएकाले धानबालीमा हुन सक्ने सम्भावित क्षति न्यूनीकरणका लागी धान खेतबाट पानीको निकास राम्रोसँग गर्नुहोस्। खेतको गराको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्। नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकेको ३-४ दिनपछि मात्र धान काट्नुहोस्। हावाहुरीबाट लडेको धानको बोटलाई बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बाला सुकाउनुहोस्। यसअघि नै काटेको धानको पाँजोलाई अग्लो ठाउँ जस्तै-आली,

कान्लामा सुकाउनुहोस्। भिजेको धानको बाला छिटो सुकाउन काटिसकेको धानको बालालाई नल (पराल) बाट छुट्याउनुहोस्। चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिजाई पंखाको सहयोगले हावा दिई बेला-बेलामा धानलाई चलाई छिटो सुकाउने प्रबन्ध गर्नुहोस्। भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी चिउरा र भुजा बनाई प्रयोगमा ल्याउनुहोस्।


- आगामी साता हावाहुरीको समेत संभावना देखिएको हुँदा पसाएका केराको बोटमा टेको दिनुहोस्।
- तरकारी बालीका नर्सरीमा पानीबाट कलिलो बेर्ना जोगाउन छापो तथा छानोको व्यवस्था गर्नुहोस्।
- विभिन्न तरकारीबालीहरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। देशका पूर्वी भू-भागमा औसत भन्दा बढी र पश्चिमी भू-भागमा औसत भन्दा कम वर्षा हुने तथा न्यूनतम तापक्रम र अधिकतम तापक्रम घट्ने सम्भावना रहेकोले मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।
- पशुवस्तुलाई पानीमा भिज्नेगरी नराख्नुहोस्। साथै पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्नुहोस्। भिजेका, र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउनुहोस्।
- चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्छ जसले गर्दा पशुवस्तुको स्वास्थ्यमा समस्या आउनुका साथै त्यसबाट उत्पन्न हुने बिषका कारण उपभोक्तामा समेत प्रतिकुल असर पर्ने भएकोले पशुपन्छी तथा माछाको दानालाई सकेसम्म सुख्खा राख्नुहोस्। अतः दाना उद्योगबाट उत्पादित दाना भएको खण्डमा उक्त दानालाई ढुसी लाग्न नदिन ओभानो एवं प्रशस्त हावा खेल्ने ठाउँमा राख्नुहोस्। यद्यपि दाना बनाउन चाहिने कच्चा पदार्थहरु आफैं जोरजाम गरी आफैंले बनाउदै हुनुहुन्छ भने प्रति टन दाना बनाउँदा २ के.जी. टक्सिन बाइन्डर प्रयोग गर्ने गर्नुहोस्।
- पानी परिरहेको, हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरुमा सुलसुले, जुम्रा जस्ता बाह्य परजिवीहरुको समस्या देखिने हुँदा दैनिक रुपमा खोरको अनुगमन गर्नुहोस्। यदि सुसलसुले जस्ता परजिवीहरु देखिएमा, बाह्य परजिवीनाशक विषादीहरु जस्तै- स्पिनोसाड, साईपरमेथ्रिन, वा एमिट्राज दक्ष प्राविधिकको सल्लाहमा आवश्यकता अनुसारले प्रयोग गर्नुहोस्।
- मौसम सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने चौविसै घण्टा उपलब्ध जल तथा मौसम विज्ञान विभागको फोन नम्बर-११५५ मा फोन गर्नुहोस्।
- कृषि र पशु सम्वन्धी जिज्ञासाको लागी पैसा नलाग्ने नार्कको फोन नम्बर-११३५ मा हरेक शुक्रबार साँझ ४ देखि ६ बजेसम्म फोन गर्नुहोस्।

# गत हप्ता (१०-१६ असोज २०८२) को मौसमी सारांश





**साप्ताहिक कुल वर्षाः** गत साता ८५ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक कुल वर्षाको तथ्याङ्क अनुसार देशभर वर्षा मापन गरिएको छ। गण्डकी प्रदेश मध्य भू-भाग तथा बागमती प्रदेश र लुम्बिनी प्रदेशका केही तराईका भू-भागहरुमा १०० मि.मि भन्दा बढी साप्ताहिक कुल वर्षा मापन गरिएको छ। विशेषगरी लुम्बिनी प्रदेश र गण्डकी प्रदेशका अधिकांश भू-भागहरुमा सरदर भन्दा बढी वर्षा मापन गरिएको र साताको अन्तिमतिर देशभर व्यापक वर्षा मापन गरिएको छ। सबैभन्दा बढी गण्डकी प्रदेशको कास्की जिल्लामा रहेको लुम्ले केन्द्रमा २०६.२ मि.मि. साप्ताहिक कुल वर्षा मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक कुल वर्षा जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको वर्षालाई साप्ताहिक सरदर वर्षासँगको तुलनात्मक तथ्यांकमा देखाउँछ।




**साप्ताहिक अधिकतम तापक्रमः** गत साता ६९ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत अधिकतम तापक्रमको तथ्याङ्क अनुसार देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी तापक्रम मापन भएको छ। लुम्बिनी प्रदेशका केही तराईका स्थानहरुमा बाहेक अन्य तराईका अधिकांश स्थानहरुमा साप्ताहिक औसत अधिकतम तापक्रम ३५.० डि.से भन्दा बढी तापक्रम मापन गरिएको छ। मधेश प्रदेशको सिराहा जिल्लामा रहेको लाहान केन्द्रमा सबैभन्दा बढी ३८.६ डि.से. साप्ताहिक औसत अधिकतम तापक्रम मापन गरिएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत अधिकतम तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।




**साप्ताहिक न्यूनतम तापक्रमः** गत साता ७१ वटा मौसम केन्द्रहरुमा मापन गरिएको साप्ताहिक औसत न्यूनतम तापक्रमको तथ्याङ्क अनुसार देशका अधिकांश केन्द्रहरुमा सरदर भन्दा बढी तापक्रम मापन भएको छ। मधेश प्रदेशका अधिकांश स्थानहरुमा तथा सुदुरपश्चिम प्रदेश, कोशी प्रदेश र लुम्बिनी प्रदेशका केही तराईका स्थानहरुमा साप्ताहिक औसत न्यूनतम तापक्रम २५.० डि.से. भन्दा बढी मापन गरिएको छ। गण्डकी प्रदेशको मनाङ जिल्लामा रहेको हुम्दे केन्द्रमा सबैभन्दा कम ९.१ डि.से. साप्ताहिक औसत न्यूनतम तापक्रम मापन भएको छ।

नक्साको पृष्ठभूमिमा देखाईएको रंगले साप्ताहिक औसत तापक्रम (डि.से.) जनाउँछ। त्रिभुजाकार तथा गोलाकार संकेतले केन्द्रमा मापन गरिएको तापक्रमलाई साप्ताहिक सरदर तापक्रमसँगको फरकमा देखाउँछ।

***नोटः*** *(क) सरदर वर्षा भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा १० प्रतिशत भन्दा कम देखि १० प्रतिशत भन्दा बढीको वर्षालाई जनाउँछ।*

*(ख) सरदर अधिकतम/न्यूनतम तापक्रम भन्नाले सन् १९९१ देखी २०२० सम्मको सम्बन्धित हप्ताको औसतमा ०.२ डि.से. भन्दा कम देखि ०.२ डि.से. भन्दा बढीको तापक्रमलाई जनाउँछ।*

*(ग) वर्षा र न्यूनतम तापक्रमको अवधि गत साताको शुक्रवार देखि बिहिवारसम्म र अधिकतम तापक्रमको अवधि गत साताको बिहिवार देखि बुधवार सम्मको तथ्याङ्कलाई लिएर नक्सा तयार गरिएको छ।*

| आगामी साता (१७-२३ असोज २०८२) को मौसमी परिदृष्य | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **प्रदेश** | **भौगोलिक क्षेत्र** | **वर्षा/ हिमपात** | **अधिकतम तापक्रम** | **न्यूनतम तापक्रम** | **बदली हुने अवस्था** | **महत्वपूर्ण मौसम** (मेघगर्जन/ चट्याङ्ग) | **कैफियत** (मौसम प्रणाली) |
| **कोशी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी/ अति भारी बर्षा हिमपात | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा / हिमपातको सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी बर्षाको पनि सम्भावना। |
| | पहाड | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी/ अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम / भारी देखि धेरै भारी /अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| **मधेश प्रदेश** | तराई | हल्का देखि मध्यम / भारी देखि धेरै भारी / अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| **वागमती प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम / भारी देखि धेरै भारी / अति भारी बर्षा / हिमपात | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा/ हिमपातको सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| | पहाड | हल्का देखि मध्यम / भारी देखि धेरै भारी/ अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी /अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| **गण्डकी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी / अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |

| | | | | | | | |
|---|---|---|---|---|---|---|
| | पहाड | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी / अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी /अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया देखि पूर्णतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा धेरै स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| **लुम्बिनी प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम / भारी देखि धेरै भारी/ बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया बदली र अन्त्यमा आंशिक बदली | | साताको सुरु र मध्यमा केही स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी बर्षाको पनि सम्भावना। |
| | पहाड | हल्का देखि मध्यम /भारी देखि धेरै भारी/ अति भारी बर्षा | साताको शुरु र मध्यमा घट्ने | साताको शुरु र मध्यमा घट्ने | साताको शुरू र मध्यमा साधारणतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा केही स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी देखि धेरै भारी /अति भारी बर्षा | हल्का घट्ने | हल्का घट्ने | साताको शुरू र मध्यमा साधारणतया बदली र अन्त्यमा आंशिक बदली | मेघगर्जन /चट्याङ्ग / हावाहुरी | साताको सुरु र मध्यमा केही स्थानहरू र अन्त्यमा थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा सम्भावना। साताको सुरु र मध्यमा थोरै स्थानमा भारी र एक-दुई स्थानमा धेरै भारी/अति भारी बर्षाको पनि सम्भावना। |
| **कर्णाली प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम वर्षा / हिमपात | हल्का घट्ने | हल्का घट्ने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ्ग | थोरै स्थानहरूमा हल्का देखि मध्यम वर्षा/ हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम /भारी वर्षा | हल्का घट्ने | हल्का घट्ने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ्ग | साताको सुरु र अन्त्यमा थोरै स्थानहरू मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना। साताको सुरुमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| **सुदूरपश्चिम प्रदेश** | हिमाल/ उच्च पहाड | हल्का देखि मध्यम/ हिमपात | हल्का घट्ने | हल्का घट्ने | आंशिक देखि साधारणतया बदली | | साताको सुरु र अन्त्यमा थोरै स्थानहरूमा मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षा/ हिमपातको सम्भावना |
| | पहाड | हल्का देखि मध्यम/ भारी वर्षा | हल्का घट्ने | हल्का घट्ने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ्ग / हावाहुरी | साताको सुरु र अन्त्यमा थोरै स्थानहरू मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना। साताको सुरुमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |
| | तराई | हल्का देखि मध्यम/ भारी वर्षा | हल्का घट्ने | हल्का घट्ने | आंशिक देखि साधारणतया बदली | मेघगर्जन/ चट्याङ्ग / हावाहुरी | साताको सुरु र अन्त्यमा थोरै स्थानहरू मध्यमा एक-दुई स्थानमा हल्का देखि मध्यम वर्षाको सम्भावना। साताको सुरुमा एक-दुई स्थानमा भारी बर्षाको पनि सम्भावना। |

*नोटः साताको शुरुले शुक्रबार र शनिबार, साताको मध्यले आइतबार, सोमबार र मंगलबार तथा साताको अन्त्यले बुधबार र बिहीबारलाई जनाउँछ। मौसम पूर्वानुमान सम्वन्धी विस्तृत जानकारीको लागी हरेक दिन बिहान ६ बजे र बेलुका ६ बजे अध्यावधिक हुने महाशाखाको वेबसाइट* http://www.dhm.gov.np/mfd *हेर्नुहोस्।*

# कृषि सल्लाह

**भारी / अति भारी वर्षाको समयमा कृषि कर्महरु गर्दा ध्यान दिनुपर्ने कुराहरु**

- किसानहरुले कृषि कर्म गर्दा वर्षाबाट जोगिन विशेष सावधानी अपनाउनुहोस्।
- मनसुन सक्रिय रहने समयमा तरकारीबाली, फलफूल बगैंचा तथा पाक्न लागेका धान खेतहरुमा पानी निकासको उचित व्यवस्था गर्नुहोस्। मलखाद राख्ने र विषादी छर्कने कार्य रोक्नुहोस्।
- खास गरेर नदी, खोला छेउमा स्थित संरचनाहरु (कृषि फार्म, संरक्षित संरचना) बाढीको जोखिममा पर्न सक्ने हुनाले सम्भव भएसम्म भण्डारणमा रहेका खाद्यान्न तथा अन्य सामग्रीहरु सुरक्षित स्थानमा व्यवस्थापन गर्नुहोस्।

## खाद्यान्नबाली

- आगामी असोज १७-१९ सम्म मनसुन सक्रिय रहने देखिएकाले धानबालीमा हुनसक्ने सम्भावित क्षति न्यूनीकरणका लागी
  - धान खेतबाट पानीको निकास राम्रोसँग गर्नुहोस्। खेतको गराको विभिन्न ठाउँबाट कुलेसो काटी पानीको निकास गर्नुहोस्।
  - नकाटेको धानलाई मौसम सफा भई पानी पर्न रोकिएको ३-४ दिनपछि मात्र धान काट्नुहोस्।
  - काटेर खेतमै छोडेको धानको पाँजोलाई अग्लो ठाउँ जस्तै आली कान्लामा सुकाउनुहोस्।
  - लडेको धानको बोटलाई बाँधेर खडा गर्नुहोस्। बाँसको खम्बा गाडी त्यसमाथि भिजेको धानको बाला सुकाउनुहोस्।
  - भिजेको धानको बाला छिटो सुकाउन काटिसकेको धानको बालालाई नल (पराल) बाट छुट्याउनुहोस्।
  - चुटिसकेको धानलाई हावा आउने ठाउँमा फिजाई पंखाको सहयोगले हावा दिई बेला-बेलामा धानलाई चलाई छिटो सुकाउने प्रबन्ध गर्नुहोस्।
  - भिजेर भण्डारण गर्न नमिल्ने धानलाई बिग्रनबाट जोगाउन नजिकको मिलसँग समन्वय गरी चिउरा र भुजा बनाई प्रयोगमा ल्याउनुहोस्।

- उच्चपहाडको लागि सिफारिस गरिएका गहुँका जातहरु- मुडुले-१, हिमगंगा, तिला, सुर्मा, च्याखुरा, मुनाल, डब्लु.के. १२०४, स्वर्गद्वारी, पासाङ्ल्हामु, डाँफे, भेरीगंगा, कौटिला, मध्ये उपलब्ध जातको गणुस्तरिय बीउ ६.० के.जी. प्रति रोपनीको दरले बीउको व्यवस्था गर्नुहोस्।
- हिउँदे मकैबालीमा अमेरिकी फौजी कीरा (Spodoptera frugiperda) बाट हुने क्षती कम गर्नको लागि गहिरो गरेर जमीन खनजोत गर्ने, खोस्टाले राम्रोसँग घोगा छोपिने जातहरु लगाउने, समयमै रोप्ने, निश्चित ठाउँमा सबैले एकै समय वा एक हप्ताभित्र नै मकै रोप्ने, मकैमा अन्तर बालीको रुपमा कोसेबाली लगाउने गर्दा यस कीराको प्रकोप कम हुन्छ। साथै यस कीराले डेस्मोडियम घाँस मन नपराउने हुनाले मकैको बिच-बिचमा यो घाँस र छेउछेउमा यस कीरालाई मनपर्ने नेपियर घाँस लगाएर कीरालाई आकर्षित गरि मार्न सकिन्छ। सिफारिस मात्रामा मल प्रयोग गरी बिरुवालाई स्वस्थ्य बनाउने जस्ता उपायहरु अपनाउनुका साथै मकैको दुई पाते अवस्थाबाट नै यस कीराको नियमित अनुगमन गर्नुहोस्।

## फलफूल बाली

- फलफूल बालीका नर्सरीमा कलमी गरेको भागभन्दा तलबाट पलाएका मुनाहरु हटाउनुहोस्।
- आँपमा ईनाचिङ्ग विधिबाट कलमी गरेको भागभन्दा तलबाट पलाएका मुनाहरु हटाउनुहोस्।
- सुन्तलाजात फलफूल बगैंचामा फल कुहाउने औंसाको कारणले झरेका फलहरुलाई औंसा कीरा निस्केर माटोमा जानुभन्दा अगावै संकलन गरी नष्ट गर्दा यस कीराको ब्यवस्थापनमा महत्वपूर्ण योगदान गर्दछ। यसबाट आगामी बर्षमा यस कीराको संख्या निकै कम गर्न सकिन्छ। झरेका फलहरुलाई प्लाष्टिकका थैलामा अथवा प्लाष्टिकको ड्रमहरुमा पानीमा जम्मा गरी कुहाउँदा औंसाहरु मर्छ।

- सुन्तलाजात फलफूलको क्याङकर (Citrus canker) रोगको समयमा नै पहिचान र उचित व्यवस्थापन गर्न सकिएन भने ठुलो आर्थिक क्षति हुन जान्छ। जीवाणु भित्र पसेको ठाँउमा पात, फल वा कलिला हाँगामा अत्याधिक कोशिकाको संख्या वृद्धि भएर खत (canker) देखापर्दछ र खतहरु छिप्पिदै गएपछि खैरो रङमा परिणत हुन्छन्। यस रोगको व्यवस्थापनको लागि बगैंचा सफा राख्ने र मौसमको अवस्था हेरी काँटछाँट गर्नुहोस्।



चित्रः सुन्तलाको क्याङ्कर

- स्याउ ढुवानीको सिलसिलामा तथा भण्डारणमा हुने क्षती कम एवं ढुवानी लागत घटाउन बगैंचामा स्याउ टिपे पश्चात डोकोको भित्रि भागको वरिपरी घाँस वा पछ्यौरा राखेर स्याउ प्याकेजिंग गरि ढुवानी गर्नुहोस्। भेट्नो काटेका स्याउका फलहरुलाई स्टाइरोफोम जाली भित्र राखी भेन्टिलेसन भएका १० के.जी. फल अट्ने ५ प्लाई १६० पि.एस.आई. क्षमताका कार्टुनहरुमा हरेक तहमा डेकप्लेट राखी प्याकेजिंग गरि ढुवानी गर्नुहोस्।
- स्याउ टिपिसकेपछि पनि बोटमा कत्ले कीराको प्रकोप रहिरहने हुँदा यसको व्यवस्थापनको लागि खनिज तेल १० देखी १५ एम.एल. प्रति लिटर पानीमा मिसाई कीरा लागेको स्थानमा भिज्नेगरि सात-सात दिनको अन्तरालमा तीनपटक मौसमको अवस्था हेरी छर्कनुहोस्।
- आगामी साता हावाहुरीको समेत संभावना देखिएको हुँदा पसाएका केराको बोटमा टेको दिनुहोस्।

## कफि बाली

- कफि बगैंचा वरिपरि पलाएका घाँस काटी सफा राख्नुका साथै छहारीको प्रवन्ध मिलाउनुहोस्।
- कफिका विरुवा लगाईएका बगैंचाहरुमा नियमित अवलोकन गरि ५ फिटको उचाईमा आएका विरुवाहरुको टुप्पो काट्ने र जमीनको सतहबाट १ फीट माथि सम्मका हाँगाहरु हटाई मौसमको अवस्था हेरी बोर्डोपेष्टको लेप लगाउनुहोस्।

# तरकारी बाली

- तराई, भित्रि-मधेश तथा बेशीमा आलु लगाउने समय नजिकिदै गरेको हुँदा खुमल सेतो-३, खुमल उपहार, खुमल उज्ज्वल, खुमल लक्ष्मी, खुमल रातो-२, आइपिवाई-८, कुफ्री सिन्दुरी, डेजीरे, कार्डिनल, एम.एस. ४२.३ मध्य उपलब्ध जातहरुको गुणस्तरीय बीउ भरपर्दो श्रोतहरुबाट आवश्यक मात्रामा (८०-१०० के.जी. प्रति कट्ठा) व्यवस्था गर्नुहोस्। उक्त क्षेत्रमा शित भण्डारमा राखिएको बीउ आलु झिकी ओभानो ठाउँमा फिजाएर राम्ररी टुसाउन दिनुहोस्। मकैपछि आलु लगाउने ठाउँमा गहिरो खनजोत गरि माटोको उपचार गर्दा धेरै रोग, कीराको व्यवस्थापन हुने हुँदा आलुबालीमा क्षति कम गर्न सकिन्छ।
- विभिन्न तरकारी बालीहरुको नर्सरी ब्याडमा पानी जमेर बेर्ना कुहिने रोग लाग्न सक्ने भएकोले पानी निकासको प्रवन्ध गर्नुहोस्।
- तरकारी बालीका नर्सरीमा पानीबाट कलिलो बेर्ना जोगाउन छापो तथा छानोको व्यवस्था गर्नुहोस्।

# अन्य

- वर्षातको समयमा मौरीलाई चरन कम हुने भएकोले चिनी चास्नी बनाएर खुवाउनुहोस्। साथै घार राखेको सबै खुट्टाहरुमा कचौरा/प्लास्टिकको बट्टामा पानी राख्नुहोस्।
- मौरी घारमा रोग, सुलसुले र रानु भए नभएको नियमित अवलोकन गर्नुहोस्। देशका पूर्वी भू-भागमा औसत भन्दा बढी र पश्चिमी भू-भागमा औसत भन्दा कम वर्षा हुने तथा न्यूनतम तापक्रम र अधिकतम तापक्रम घट्ने सम्भावना रहेकोले मौरीको छाउरामा कुहिने रोग (Foul brood disease) लाग्ने सम्भावना हुने भएकोले मौरी घारको नियमित अनुगमन गर्नुहोस्।

## पशुपालन

### गाई, भैंसी, भेडा, बाख्रा

- पशुवस्तुलाई पानीमा भिज्नेगरी नराख्नुहोस्। साथै पशुवस्तुलाई खुवाउने दानालाई सफा र ओभानो ठाँउमा भण्डारण गर्नुहोस्। भिजेका, र बाढी पसेका स्थानका घाँस, पराल, दाना वा अन्न नखुवाउनुहोस्। यस्तो अवस्थामा पशुवस्तुलाई पाचन प्रणाली, र श्वासप्रश्वास प्रणालीजन्य रोगका लक्षणहरु देखिन सक्ने हुँदा, सो बारेमा चनाखो भई पशुवस्तुहरुलाई अनुगमन गर्नुहोस्।
- चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्छ जसले गर्दा पशुवस्तुको पाचनक्रियामा समस्या आउनुका साथै बिष उत्पन भई पशुवस्तु मर्न सक्दछ। ढुसी लागेको, कुहिएको दाना वा परालमा अफ्लाटक्सिन बी१, बी२, जी१, जी२ नामक ढुसीका प्रजाति हुनसक्छन्, जसले दीर्घकालिन रुपमा पशुवस्तुलाई क्यान्सर गराउन सक्दछ।
- चिसो ठाउँमा भण्डारण गरेको दानामा ढुसीको संक्रमण हुनसक्छ जसले गर्दा पशुवस्तुको स्वास्थ्यमा समस्या आउनुका साथै त्यसबाट उत्पन्न हुने बिषका कारण उपभोक्तामा समेत प्रतिकुल असर पर्ने भएकोले पशुपन्छी तथा माछाको दानालाई सकेसम्म सुख्खा राख्नुहोस्। अतः दाना उद्योगबाट उत्पादित दाना भएको खण्डमा उक्त दानालाई ढुसी लाग्न नदिन ओभानो एवं प्रशस्त हावा खेल्ने ठाउँमा राख्नुहोस्। यद्यपि दाना बनाउन चाहिने कच्चा पदार्थहरु आफैं जोरजाम गरी आफैंले बनाउदै हुनुहुन्छ भने प्रति टन दाना बनाउँदा २ के.जी. टक्सिन बाइन्डर प्रयोग गर्ने गर्नुहोस्।
- भदौ देखि मंसिरसम्म भैंसीहरु ऋतुकालमा आउने हुँदा ऋतुचक्र (Estrus cycle) मा आएको लक्षणहरु याद गर्नुहोस्। भैंसीहरुले गाईको जस्तो लक्षण नदेखाई प्रायः सुक्ष्म ऋतुकाल (Silent heat) को लक्षण देखाउँने हुँदा, ऋतुकाल नगुमाउन राम्ररी अवलोकन गर्नुहोस्।
- बाख्रामा देखिने कुम्री (ढकेरी) रोगको रोकथाम गर्न भदौ देखि कात्तिकसम्म मासिक एक चक्की डाई ईथाइल कार्बामाजिन (डी.ई.सी)-१०० एम.जी. खुवाउनुहोस्। ढकेरी लागेका बाख्राको हकमा दैनिक एक चक्की सात दिनसम्म खुवाउनुहोस् र साथमा भिटामिन बी कम्प्लेक्सको सुई २-३ दिनसम्म लगाउनुहोस्।
- हाल देशका विभिन्न स्थानमा गाई भैसींमा लम्पी स्किन रोग (Lumpy Skin Disease) र बाख्रामा पि.पि.आर. देखा परिरहेको हुँदा अनुसूची-२ बमोजिम जैविक सुरक्षाका उपायहरु अपनाई नजिकैको पशु सेवा कार्यालयमा सम्पर्क गरि उपलब्ध खोपहरु लगाउनुहोस्।

### कुखुरा, हाँस, बंगुर

- पानी परिरहेको, हावामा आर्द्रता बढी भएको वा खोर चिसो र हिलो भएको अवस्थामा कुखुराहरुमा सुलसुले, जुम्रा जस्ता बाह्य परजिवीहरुको समस्या देखिने हुँदा दैनिक रुपमा खोरको अनुगमन गर्नुहोस्। यदि सुसलसुले जस्ता परजिवीहरु देखिएमा, बाह्य परजिवीनाशक विषादीहरु जस्तै- स्पिनोसाड, साईपरमेथ्रिन, वा एमिट्राज दक्ष प्राविधिकको सल्लाहमा आवश्यकता अनुसारले प्रयोग गर्नुहोस्।
- ग्रामीण वा व्यवसायिक रुपमा पलिएका, वयस्क कुखुराहरुलाई रानीखेत रोग विरुद्ध ND Clone, ND F1 जस्ता एकल खोप वा ND+IB को मित्रित खोप, पिउने पानीमा घोलेर खुवाउनुहोस्। यसरी पानीमा खोप मिसाई खुवाउँदा, दिईएको खोपयुक्त पानी एक घण्टाभित्र खाईसक्ने गरी दिनुहोस्।
- हाल देशका विभिन्न स्थानमा सुङ्गुर, बङ्गुरमा अफ्रिकन स्वाईन फिभर रोग देखा परिरहेको हुँदा अनुसूची-२ बमोजिम जैविक सुरक्षाका उपायहरु अपनाउनुहोस्।

## मत्स्यपालन

- साताका अधिकांश दिनहरुमा वर्षा हुने संभावना भएकोले माछापोखरीमा धमिलो पानी मिसिन नदिनुहोस्। माछापोखरीको निकासद्वारमा माछाको साइज अनुसारको जाली लगाई पानी निकासको उचित व्यवस्था मिलाउनुहोस्।
- आगामी साता सापेक्षिक आर्द्रता बढी हुने संभावना भएकोले माछाको दाना ओसिलो भई ढुसी लाग्न सक्छ। ढुसी लागेको दाना खुवाउँदा माछामा कलेजो सुन्निने समस्या (हेपाटोमा) हुन सक्ने भएकोले दानालाई सुख्खा तथा हावा खेल्ने कोठामा जुट वा प्लाष्टिकको बोरामा प्याक गरि काठको फल्याक माथि राख्नुहोस्।
- आगामी साता देशका धेरै स्थानहरुमा भारी/अति भारी वर्षाको संभावना रहेकोले पोखरीहरूमा घुलित अक्सिजनको मात्रामा आकस्मिक परिवर्तन ('प्रिमेच्योर टर्नओभर') हुन गई माछा मर्ने जोखिम बढाउँछ। विशेष गरी ८ देखि १० फिट गहिराइ भएका पोखरीहरूमा गर्मीको समयमा पोखरीमा माथिल्लो तह न्यानो र अक्सिजनरहित हुन्छ भने तल्लो तह चिसो र अक्सिजनयुक्त हुन्छ। वर्षाको कारण तलको अक्सिजनरहित पानी माथिल्लो तहसँग मिसिँदा अक्सिजनको मात्रा पूरै पोखरीको पानीमा निकै कम हुन जान्छ, जसले गर्दा माछा मर्न सक्छन्। अक्सिजनको कमी र तापक्रमको बदलावबाट माछालाई हुनसक्ने तनाव (Stress) कम गर्न प्रति हेक्टर जलाशयमा ०.७५ के.भी.ए. क्षमताको वायुयन्त्र (Aerator) को प्रयोग गर्नुहोस्।



चित्रः अक्सिजनको कमीले माछामा देखिएको असर

- रेन्बो ट्राउट माछाको प्रजनन गर्ने किसानहरुले परिपक्व माउ माछा (भाले, पोथी) छनौट गरी अलग-अलग पोखरीमा राख्नुहोस्। साथै भिटामिन र मिनरल मिक्स्चर प्रति के.जी. दानामा १-१ ग्रामका दरले दानामा मिसाई दैनिक प्रजननको समयसम्म लगातार खुवाउनुहोस्।
- भारी /अति भारी वर्षाको समयमा माछापोखरीको पानीको पि.एच. लाई सन्तुलन राख्न समय-समयमा मापन गर्नुहोस्। पानीको पि.एच. ६.५ भन्दा कम भएमा चून १५ के.जी. प्रति कठ्ठाको दरले प्रयोग गर्नुहोस्।
- ठुला भुरा तथा फिंगरलिंगको लागि सन्तुलित र २५ प्रतिशत प्रोटिन भएको दाना शारीरिक तौलको ४-५ प्रतिशतका दरले दैनिक दिनुहोस्। यसको लागि आवश्यक पर्ने दाना बनाउन चाहिने कच्चा पदार्थ र तिनीहरुको मिश्रण माथिको तालिकामा दिईएको छ।

| कच्चा पदार्थ | मिश्रण प्रतिशतमा | | |
|---|---|---|---|
| | नमुना दाना - १ | नमुना दाना – २ | नमुना दाना -३ |
| भुटेको भटमासको पिठो | २५ | ३७ | |
| तोरीको वा बदामको पिना | २५ | ३५ | |
| धानको ढुटो | ३५ | २६ | ६२ |
| भिटामिन र मिनरल प्रीमिक्स | १ | २ | २ |
| वनस्पति तेल | ७ | | |
| माछाको धुलो | ७ | | १९.३ |
| रेशम कीराको प्युपाको धुलो | | | ६.७ |
| गहुँ वा चामलको पिठो | | | १० |

## घाँसेबाली

- मध्यपहाड र तराईका लागि सिफारिस हिउँदे घाँसे बालीहरु- बर्सिम, जै, भेच तथा उच्च पहाडी र हिमाली भेगका लागि सिफारिस हिउँदे घाँसे बालीहरु- क्लोभर, राईग्रास, कोते घाँसका बीउ व्यवस्था गर्नुहोस्।

# कृषि-मौसम सल्लाह बुलेटिन तयारी गर्ने विशेषज्ञ समूह

| क्र.सं | नाम थर | कार्यक्षेत्र | कार्यालय | इ-मेल | सम्पर्क फोन |
|---|---|---|---|---|---|
| १ | डा. तुलसी प्रसाद पौडेल | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | harmfree@gmail.com | ९८५१११४२७८ |
| २ | डा. प्रदीप शाह | बाली विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | pradeep75shah@gmail.com | ९८४५०५१८९७ |
| ३ | डा. नविन गोपाल प्रधान | वागवानी | राष्ट्रिय वागवानी अनुसन्धान केन्द्र, खुमलटार | navin.pradhan@gmail.com | ९८५११००८२० |
| ४ | सूर्य प्रसाद बराल | वागवानी | राष्ट्रिय फलफूल विकास केन्द्र, कीर्तिपुर | spbaral23@gmail.com | ९८४१५४८२८४ |
| ५ | राजेन्द्र कुमार भट्टराई | बाली विज्ञान | राष्ट्रिय बाली विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | rkbhattarai@gmail.com | ९८४३४७२२७० |
| ६ | चेतना मानन्धर | बाली रोग | राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | chetana.manandhar@gmail.com | ९८४१६२४१८१ |
| ७ | सुदीप कुमार उपाध्याय | कीट विज्ञान | राष्ट्रिय कीट विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | sudeeppdl@gmail.com | ९८४२४३७१५३ |
| ८ | डा. नारायण पौडेल | पशु स्वास्थ्य | राष्ट्रिय पशु स्वास्थ्य अनुसन्धान केन्द्र, खुमलटार | narayan.paudyal@narc.gov.np | ९८६३३३५०४६ |
| ९ | डा. नबिन रावल | माटो विज्ञान | राष्ट्रिय माटो विज्ञान अनुसन्धान केन्द्र, खुमलटार | nabin_rawal@yahoo.com | ९८५७०६५०२१ |
| १० | डा. रोशन बाबु वझा | माटो विज्ञान | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rbojha21@gmail.com | ९८५१२२८९१५ |
| ११ | डा. मुकुन्द भट्टराई | रैथाने बाली | राष्ट्रिय कृषि आनुवंशिक श्रोत केन्द्र (जीन बैंक) | bhattaraimukunda2@gmail.com | ९८५१२२८४८६ |
| १२ | ऋषिराम अधिकारी | कृषि सञ्चार | राष्ट्रिय कृषि प्रविधि सूचना केन्द्र, खुमलटार | adhikari_rishi@yahoo.com | ९८४१९७९२८९ |
| १३ | डा. रुपा वास्तोला | पशु आहारा | राष्ट्रिय पशु आहारा अनुसन्धान केन्द्र, खुमलटार | bastola_rupa@yahoo.com | ९८४१३१९८३९ |
| १४ | मुक्तिनाथ झा | कृषि इन्जिनियरिङ्ग | राष्ट्रिय कृषि इन्जिनियरिङ्ग अनुसन्धान केन्द्र, खुमलटार | jha_mukti@yahoo.com | ९८६३३८२२५४ |
| १५ | कुमार मणी दाहाल | वागवानी | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | kumarmanidahal@gmail.com | ९८५१२२२९५५ |
| १६ | रामेश्वर रिमाल | कृषि-मौसम | राष्ट्रिय कृषि वातावरण अनुसन्धान केन्द्र, खुमलटार | rameshwarrimal@gmail.com | ९८५१०४४१३० |
| १७ | डा. संजिव पंडित | पशु स्वास्थ्य | कृषि सूचना तथा प्रशिक्षण केन्द्र, हरिहरभवन, ललितपुर | panditsanjiv2046@gmail.com | ९८४५३२९५४२ |
| १८ | चुरामणि भुसाल | मत्स्य विज्ञान | राष्ट्रिय मत्स्य अनुसन्धान केन्द्र, गोदावरी | bhusalchuramani12@gmail.com | ९८४५६३०४६१ |
| १९ | निला पौडेल | आलुबाली | राष्ट्रिय आलुबाली अनुसन्धान कार्यक्रम, खुमलटार | neelapaudel@gmail.com | ९८४१२४१७२८ |
| २० | विद्या महर्जन | कृषि-मौसम | जल तथा मौसम विज्ञान विभाग, बबरमहल, काठमाडौं | bidhya159@gmail.com | ९८४१७७०६५१ |
| २१ | रोजन लामिछाने | मौसम पूर्वानुमान | मौसम पूर्वानुमान महाशाखा, गौचर, त्रि.अ.वि. | mfddhm@gmail.com | ०१-४११३१९१ |

## अनुसूची-१: नेपालको मौसम पूर्वानुमानमा प्रयोग हुने शब्दावलि

### Terms used in Weather Forecasting in Nepal

| | | |
|---|---|---|
| **बादलको अवस्था (Cloud condition)** | सफा (Fair) | No clouds in the sky |
| | मुख्यतया सफा (Mainly fair) | 1/8 to 2/8 (25%) sky covered by cloud |
| | आंशिक बदली (Partly cloudy) | 3/8 (26%) to 4/8 (50%) sky covered by cloud |
| | साधारणतया बदली (Generally cloudy) | 5/8 (51%) to 6/8 (75%) sky covered by cloud |
| | अधिकांश बदली (Mostly cloudy) | 6/8 (76%) to 7/8 (88%) sky covered by cloud |
| | पूर्ण बदली (Cloudy) | 8/8 (100%) or all sky covered by cloud |
| **वर्षाको प्रकृति (Nature of Rain)** | Temporary or Brief (क्षणिक वर्षा) | Weather phenomena occur for short span of time usually less than two hours |
| | Continuous (लगातारको वर्षा) | Weather phenomena occurring regularly and more often throughout the time duration |
| | Intermittent (रोकिँदै हुने वर्षा) | Rain occurring and reoccurring at certain intervals |
| | Widespread (व्यापक वर्षा) | Weather phenomena extensively throughout an area during specified time duration |

| | | | | |
|---|---|---|---|---|
| **वर्षाको संभाव्यता र यसको क्षेत्र (Rainfall probability in percentage and its coverage)** | <10% | None used | Isolated | at one or two places (एक-दुई स्थानमा) |
| | 10-30% | Slight Chance | Widely Scattered | at few places (थोरै स्थानमा) |
| | 30-50% | Chance/possible | Scattered | at some places (केही स्थानमा) |
| | 50-80% | Likely | Fairly widespread | at many places (धेरै स्थानमा) |
| | >80% | More likely | Widespread | at most places (अधिकांश स्थानमा) |

संभावित वर्षाको मात्रा (%) = आंकलन X क्षेत्र, जहाँ आंकलन भन्नाले कुनै स्थानमा वर्षा हुन सक्ने संभावना (%) जनाउँदछ भने क्षेत्र भन्नाले तोकिएको स्थानको वर्षा हुन सक्ने संभावित भू-भाग (%) जनाउँदछ। उदाहरणका लागी कुनै स्थानको ८०% क्षेत्रमा ५०% वर्षाको आंकलन गरेको अवस्थामा सो स्थानको संभावित वर्षाको मात्रा (%) = ०.५ X०.८ = ४०% हुन आउँछ।

| | | |
|---|---|---|
| **वर्षाको मात्रा (Rainfall amount based on total accumulated rainfall during 24 hrs.)** | Light rain (हल्का वर्षा) | less than 10 mm |
| | Moderate rain (मध्यम वर्षा) | 10 mm or more but less than 50 mm |
| | Heavy rain (भारी वर्षा) | 50 mm or more but less than 100 mm |
| | Very heavy rain (धेरै भारी वर्षा) | 100 mm or more but less than 200 mm |
| | Extremely heavy rain (अति भारी वर्षा) | 200 mm or more |
| **समयसिमा (Time Period)** | Today (आज) | 6 AM to 6 PM |
| | Morning (बिहान) | 6 AM to Noon |
| | Afternoon (अपरान्ह) | Noon to 6 PM |
| | Late afternoon (अपरान्हको उत्तरार्ध) | 3 PM to 6 PM |
| | Evening (साँझ) | 6 PM to 9 PM |
| | Night (राती) | 6 PM to 6 AM (Next day) |

श्रोतः मौसम पूर्वानुमान महाशाखा, जल तथा मौसम विज्ञान विभाग

## अनुसूची-२: जैविक सुरक्षाका उपायहरु

- स्वस्थ गाई र भैंसीलाई अनिवार्य खोप लगाउने।
- गोठ तथा फार्म परिसरमा नियमित सरसफाई गरी सफा र सुघर राखी लामखुट्टे, झिंगा, किर्ना, भुसुना आदि किराको संख्यालाई नियन्त्रण गर्ने।
- गोठ भित्र वा बाहिर ब्लिचिङ्ग पाउडर, फर्मालिन, ग्लुटरअल्डिहाइड लगायतका रसायनहरु प्रयोग गरी नि:सङ्क्रमण गर्ने।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने।
- पशु मरेमा मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने।
- रोग देखा परेको क्षेत्रबाट गाई/भैंसीको ओसारपसार नगर्ने।
- पशुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने।
- फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर नि:सङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।
- नयाँ पशु गोठमा भित्र्याउँदा बथानमा नमिसाई कम्तीमा २८ दिन अलग्गै राखी रोगको लक्षण नदेखाएमा मात्र बथानमा मिसाउने।

- बङ्गुर पालिएको खोर र फार्म परिसरमा नियमित सरसफाई गरी चुना, ब्लिचिङ्ग पाउडर, फर्मालिन लगायतका रसायनहरु प्रयोग गरी नि:सङ्क्रमण गर्ने।
- रोगको शंका लागेका पशुहरुलाई बथानबाट छुट्टाएर अलग्गै राख्ने।
- मरेका पशुलाई राम्रोसँग खाडलमा गाड्ने।
- घरपालुवा सुङ्गुर, बङ्गुरलाई जङ्गली बँदेलको सम्पर्कमा आउन नदिने।
- रोग देखा परेको क्षेत्रबाट बङ्गुर प्रजाति, त्यसका पाठापाठी, सङ्क्रमित मासु र दानाको ओसारपसार नगर्ने।
- बङ्गुर प्रजातिका पशु वा मासुको ओसारपसार गर्दा अनिवार्य रुपमा भेटेरिनरी स्वास्थ्य प्रमाणपत्र लिएर मात्र गर्ने।
- बङ्गुर, सुङ्गुर तथा बँदेललाई होटेल रेष्टुरेन्टबाट फालिएका खानेकुरा नखुवाउने।
- तयारी दाना बाहेक अन्य आहारा खुवाउनु परेमा राम्ररी पकाएर मात्र खुवाउने।
- फार्मको मुख्य प्रवेशद्वार तथा खोर बाहिर नि:सङ्क्रमणमा प्रयोग हुने रसायन सहितको फुटबाथको व्यवस्था गर्ने।

पुनश्च: अफ्रिकन स्वाइन फिभर रोग विरुद्ध प्रभावकारी खोप हालसम्म उपलब्ध नभएको हुँदा माथि उल्लेखित जैविक सुरक्षाका उपायहरु अपनाउनु अनिवार्य हुन्छ।